## बैठक संख्या (५)

आज मिति २०८२/०८/२५ गतेका दिन यस शिवनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कार्यपालिकाका अध्यक्ष श्री कर्ण सिह साउदज्यूको अध्यक्षतामा बैठक बसी तपसिलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

स्थानीय सरकार शिवनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिवनाथ, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

**उपस्थितीः-**

(गाउँपालिका अध्यक्ष) श्री कर्ण सिह साउद

(गाउँपालिका उपाध्यक्ष) श्री सकुन्तला साउद

(वडा अध्यक्ष) श्री बलदेव सिह चाड

(वडा अध्यक्ष) श्री सुरेन्द्र सिह साउद

(वडा अध्यक्ष) श्री केशव दत्त कलौनी

(वडा अध्यक्ष) श्री धन बहादूर महता

(वडा अध्यक्ष) श्री केशव चन्द

(वडा अध्यक्ष) श्री भरत राम पार्की

(का.पा.सदस्य) श्री धनमती साउद

(का.पा.सदस्य) श्री विमला पार्की

(का.पा.सदस्य) श्री संगिता आउजी

(का.पा.सदस्य) श्री लक्षिमा कुमारी साउद

(का.पा.सदस्य) श्री राजेन्द्र राम दयाल

(का.पा.सदस्य) श्री प्रताप राम तिर्वा

(सदस्य सचिव) श्री नरेन्द्र सिह महता

**कार्यपालिका सहयोगी कर्मचारीः-**

श्री महेश सिह महता (सुचना प्रविधि अधिकृत)

CamScanner

**प्रस्तावहरुः-**

१. नवप्रवर्तन साझेदारी परियोजनाको प्रस्ताव सम्बन्धमा ।
२. नियमित बैठकको समिक्षा सम्बन्धमा ।
३. विज्ञापन सम्बन्धमा।
४. स्वास्थ्य शिविरको खर्च अनुमोदन तथा भुक्तानी सम्बन्धमा ।
५. उपभोक्ता समिति गठनको म्याद थप सम्बन्धमा ।
६. तह मिलान सम्बन्धमा ।
७. त.भ. थप गर्ने सम्बन्धमा ।
८. रकम विनियोजित सम्बन्धमा ।
९. विशेष अनुदानको रकम कार्यान्वयन गर्न स्वीकृत सम्बन्धमा ।
१०. बहुक्षेत्रीयपोषण योजना बजेट खर्च सम्बन्धमा ।

**निर्णयहरुः-**

निर्णय नं. (१) को प्रस्ताव नं. १ माथि छलफल गर्दा आर्थिक बर्ष ०८२।०८३ को नवप्रवर्तन साझेदारी परियोजना कार्यविधि, २०८२ बमोजिम मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय धनगढी कैलाली, नेपालको मिति २०८२।०८।१२ गतेको प्रकाशित सुचना बमोजिम नवप्रवर्तन कार्यक्रम कार्यान्वयनको लागि सामुदायीक विद्यालयहरुको प्रविधि तथा शैक्षिक प्रशासन सुधार नामक परियोजनामा यस गाउँपालिकाको तर्फबाट ३०% लागत साझेदारी सहित कार्यान्वयन गर्ने गरी पूर्ण प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. (२) को प्रस्ताव नं. २ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको अघिल्लो कार्यपालिकाको बैठकमाथि आवश्यक समिक्षा गरियो ।

निर्णय नं. (३) को प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिका अन्तर्गत रीक्त रहेका तपसिल बमोजिका पदहरुमा विज्ञापन गर्ने निर्णय गरियो ।

**तपसिलः-**

१. पदः- अ.न.मी.(सहायक चौथो) — ४ जना
२. पदः- अ.हे.व. (सहायक चौथो) — १ जना
३. पदः- स्वीपर (श्रेणी विहीन) — १ जना
४. लघुउद्यम विकास सहजकर्ता (सहायक पाँचौं) — १ जना

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

५. जनस्वास्थ्य अधिकृत (अधिकृत सातौं) - १ जना

निर्णय नं. (४) को प्रस्ताव नं. ४ माथि छलफल गर्दा जिल्ला अस्पताल, बैतडी र शिवनाथ गाउँपालिकाको आयोजना तथा जिल्ला प्रशासन कार्यालय, बैतडी तथा जिल्ला स्थित सुरक्षा निकायहरुको सहआयोजनामा मिति २०८२/०८/२० गते शिवनाथ - २, शर्मालीमा सम्पन्न भएको नि:शुल्क वृहत स्वास्थ्य शिविरमा भएको तपसिल बमोजिमको खर्च अनुमोदन गरी उक्त खर्च भएको रकम चालू आ.व.को कार्यक्रम खर्च शीर्षकमा विनियोजित रकम रु १० लाख मध्येबाट भुक्तानी दिने निर्णय गरियो ।

**तपसिल:-**

१. औषधी खरिद रु ३,५२,८३०/-
२. सामान ढुवानी तथा गाडिभडा रु ३४,०००/-
३. खाना/खाजा/होटल बास खर्च रु ५६,०४०/-
४. शिविरमा खटिएका डाक्टर लगायतको टोलीको दैनिक भ्रमण भत्ता रु ४६,८००/-
५. शिविरमा खटिएका जनशक्तीलाई भत्ता रु २९,०००/-
६. विविध खर्च रु १०,२००/-
कुल जम्मा रु ५२८८७०/-

स्थानीय सरकार
शिवनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिवनाथ, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

निर्णय नं. (५) को प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको चालू आ.व. मा विनियोजित पुँजिगत तर्फका पालिका र वडास्तरका योजनाहरुको उपभोक्ता समिति गठन गर्ने म्याद मिति २०८२ मंसिर १५ गतेसम्म रहेकोमा उक्त अवधीमा सम्पूर्ण उपभोक्ता समिति गठन भईनसकेको हुँदा मिति २०८२ पौष १५ गतेसम्म म्याद थप गरी उपभोक्ता समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं. (६) को प्रस्ताव नं.६ माथि छलफल गर्दा "सदुरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन ऐन, २०८१" प्रदेश राजपत्रमा प्रकाशित भई लागु भईसकेको अवस्थामा तालुक श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी कैलालीको मिति २०८२/०३/२० च.नं.१६४६ को पत्रानुसार निर्णय कार्यान्वयनका लागि पत्राचार भए अनुसार निर्णयको व्यहोरा बमोजिम (क) **सुदूरपसश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०८१ को दफा ९ को उपदफा (३) बमोजिमको तह मिलान सम्बन्धित स्थानीय तहबाटै कार्यान्वयन हुने भएकाले** सोही बमोजिम गर्नका लागि तह मिलान सम्बन्धि यस अघि मिति २०८२/०३/२६ गतेको कार्यपालिकाको निर्णयानुसार यस कार्यालयमा मौजुदा दरवन्दीमा विभिन्न पदमा कार्यरत कर्मचारीहरुको तह मिलान गरिएकोमा यस कार्यालयमा कार्यरत

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
शिवनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिवनाथ, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

खा.पा.स.टे. (सहायक चौथो) श्री रविन्द्र सिंह[illegible]उद (क.स.नं.२४३३३२) को कार्यरत पदमा दरवन्दी रिक्त नभएकाले यसपछि जारी हुने सुदूरपसश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली बमोजिम हुने गरी हाललाई ऐन को दफा ९ को उपदफा (३) बमोजिम तह मिलान गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मत्तिले पारित गरियो ।

निर्णय नं. (७) को प्रस्ताव नं. ७ माथि छलफल गर्दा गरीबसंग विशेश्वर कार्यक्रमबाट मासिक रु १५ हजार त.भ. पाउने गरी नियुक्त भएका सा.प. श्री राज बहादूर चन्दलाई हाल पालिकामा कर्मचारी अभावको कारण थप जिम्मेवारीको रुपमा वडा नं. ६ वडा सचिवको रुपमा समेत कामकाज खटाईएको हुँदा भूमि व्यवस्था, सहकारी तथा गरिविनिवरण मन्त्रालय, गरिविनिवारण कार्यक्रम समन्वय शाखा, सिंहदरवार, काठमाण्डौको प.सं. २०८२/०८३, च.न. ०५, मिति २०८२/०४/१२ गतेको पत्र बमोजिम स्थानीय तहहरुलाई बजेट खर्च गर्ने सम्बन्धी निर्देशन र शर्तमा को बुँदा नं. (ग) मा गरीवसँग विशेश्वर कार्यक्रमले समाजिक परिचालकलाई तोकेको जिम्मेवारी र अतिरिक्त पालिकाले थप जिम्मेवारी प्रदान गरेमा सहायक चौथो तहको कर्मचारीले पाय सरह हुने गरी थप पारिश्रमिक उपलब्ध गराउन सकिनेछ भन्ने व्यहोरा बमोजिक निज राज बहादूर चन्दलाई साविकको त.भ. रु १५ हजारमा मिति २०८२/९/०१ गतेदेखि लागू हुने गरी मिति २०८३ असारमसान्तसम्मका लागि मासिक रु १७,९०२/- थप गरी सहायक चौथो तहको स्केल दिने निर्णय गरियो ।

निर्णय नं. (८) को प्रस्ताव नं. ८ माथि छलफल गर्दा चालू आ.व. २०८२/०८३ को शिवनाथ गाउँपालिकाको समपुरक कोषमा विनियोजित रकम रु ९३ लाखबाट तपसिल बमोजिमका योजनाहरुको भुक्तानी गर्ने निर्णय गरियो ।

**तपसिलः-**

१. हिरापूर स्वास्थ्य चौकी भवन निर्माण — शिवनाथ - ६ (रु १२ लाखा)
२. वडा नं. ५ को कार्यालय भवन निर्माण — शिवनाथ - ५ ( रु ९ लाख)

निर्णय नं. (९) को प्रस्ताव नं. ९ माथि छलफल गर्दा चालू आ.व. २०८२/०८३ मा शिवनाथ गाउँपालिकालाई संघीय सरकारबाट प्राप्त विशेष अनुदानको चालू तर्फको आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि कार्यक्रममा प्राप्त रकम रु १ करोड १ लाखलाई तपसिल बमोजिमका शीर्षकहरुमा रकम बाँडफाँड गरी कार्यान्वयन गर्ने निर्णय पारित गरियो ।

**तपसिलः-**

नरेन्द्र सिंह
प्रमुख प्रशासकीय अधिकृत

शिवनाथ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

शिवनाथ बैतडी

सङ्घीय सरकारबाट प्राप्त विशेष अनुदान कार्यान्वयन प्रस्ताव

| वजेट | | | | |
|---|---|---|---|---|
| **अधारभुत स्वास्थ्य सेवाको गुणस्तर अभिवृध्दि कार्यक्रम<br>कुल जम्मा वजेट रकम रु १ करोड १लाख मात्र** | | | | |
| **क्र स** | **कृयाकलाप** | **रकम रु** | **क्षेत्र** | **कैफियत** |
| १. | पोषण अवस्थाको लेखाजोखा गरी कम तौल तथा मध्यम शिघ्र कूपोषण भएका वालवालिकाहरुलाई सप्लिमेन्ट्री फुड (पोषिलो खाना) वितरण | १० लाख | पोषण | चालु |
| २. | स्वस्थ्य वच्चा प्रतियोगिता सन्चालन तथा उत्कृष्ठ वच्चाका अभिभावकलाई पुरुस्कार तथा सम्मान | ३ लाख | पोषण | चालु |
| ३. | कूपोषण शून्य वडा ,पालिका तयारी तथा घोषणा कार्यक्रम | ५ लाख | पोषण | चालु |
| ४. | घरमा हुने सुत्केरी शुन्य अभियान सन्चालन तथा वडा र पालिका घोषणा | १० लाख | सुरक्षित मातृत्व | चालु |
| ५. | स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृदि सम्बन्धि तालिम | ९ लाख | मातृ तथा नवशिशु | चालु |
| ६. | वर्थिङ सेन्टरहरुका लागि अत्यावश्यक स्वास्थ्य सामाग्री तथा औजार उपकरण खरिद | २० लाख | मातृ तथा नवशिशु | चालु |
| ७. | प्रविधिमैत्री र गुणस्तरीय सेवा सन्चालनका लागि स्वास्थ्य सस्थाहरुमा कम्प्युटर, प्रिन्टर लगायतका अत्यावश्यक समाग्री खरिद तथा व्यवस्थापन | ९ लाख ४० हजार | गुणस्तर सुधार | चालु |
| ८. | स्वास्थ्य सस्थाहरुमा ई हाजिरी जडान तथा व्यवस्थापन | ३ लाख ५० हजार | गुणस्तर सुधार | चालु |
| ९. | गाउँघर क्लिनिक सन्चालन तथा व्यवस्थापनका लागि आवश्यक सामाग्री खरिद | ८ लाख | परिवार नियोजन तथा सुरक्षित मातृत्व | चालु |
| १०. | वालविवाह न्यूनिकरण सम्बन्धि सचेतना मुलक कार्यक्रम सन्चालन | ४ लाख | मातृ तथा नवशिशु | चालु |
| ११. | मातृ तथा नवशिशु कार्यक्रमको लागि अल्ट्रासाउण्ड मेसिन खरिद | ५ लाख | मातृ तथा नवशिशु | चालु |
| १२. | स्वास्थ्य सस्थाहरुको न्यूनतम सेवा मापदण्डको लागि अवश्यक सामाग्री खरिद तथा व्यवस्थापन | ९ लाख ५० हजार | गुणस्तर सुधार | चालु |
| १३. | अधारभुत स्वास्थ्य सेवाको गुणस्तर अभिवृदि सम्बन्धि सरोकारवालाहरु सँगको छलफल तथा अन्तरक्रिया कार्यक्रम | २ लाख | क्षमता विकास | चालु |
| १४ | प्रविधिमैत्री सेवा सन्चालनका लागि स्वास्थ्य सस्थाहरुमा इन्टरनेट जडान | २ लाख ६० हजार | गुणस्तर सुधार | चालु |
| | कुल जम्मा रकम रु | १ करोड १ लाख | | |

स्थानीय सरकार शिवनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिवनाथ, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

निर्णय नं. (१०) को प्रस्ताव नं. १० माथि छलफल गर्दा शिवनाथ गाउँपालिका बहुक्षेत्रीयपोषण योजनाको वार्षिक कार्यक्रमको तपसिल अनुसारको वजेट तथा कार्यक्रम बाँडफाड गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिलः-

शिवनाथ गाँऊपालिका बहुक्षेत्रीय पोषण योजनाको वार्षिक कार्यक्रमको बजेट बाँडफाँड

आ.ब.-२०८२/०८३ जम्मा बजेटः२०,००,०००। स्थानीयतहः ३,००,०००। नेपाल सरकारः१७,००,०००।

| क.स. | कियाकलापहरु | विषयगत क्षेत्र | प्रति ईकाइ खर्च | पटक | जम्मा रकम | स्रोत(नेपाल सरकार,प्रदेश,स्थानीय तह र विकाश साझेदार |
|---|---|---|---|---|---|---|
| १. | पालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक | शासकीय प्रवन्ध | ३५,०००। | २ | ७०,०००। | स्थानीय तह |
| २. | वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक | शासकीय प्रवन्ध | १५०००। | ६वडामा | ९०,०००। | स्थानीय तह |
| ३. | पोषण सहजकर्ता थप तलब | शासकीय प्रवन्ध | ८,०००। | १३महिना | १,०४,०००। | स्थानीय तह |
| ४. | बहुक्षेत्रीय पोषण कार्यककको अनुगमन | शासकीय प्रवन्ध | ११०००। | १ | ११००० | स्थानीय तह |
| ५. | पोषण कर्नर स्थापना सामाग्री सहित | शासकीय प्रवन्ध | २५,००० | १ | २५,००० | स्थानीय तह |
| ६. | सुनौलो हजार दिनका विपन्न महिलाको पोषण सुधारका लागि आयआर्जन अनुदान | महिला तथा बालबालिका | | | ६,६५,०००। | नेपाल सरकार |
| ७. | पोषण सहजकर्ताको पारिश्रमिक | शासकीय प्रवन्ध | | | ३,३५,०००। | नेपाल सरकार |
| ८. | आमा समुहहरु भित्रका सुनौलो हजार दिन भित्रका आमाहरुलाई अधारभुत पोषण तथा गुणस्तरीय सुरक्षीत मातृत्व सेवा सम्वन्धी आधारभुत गोष्टी | स्वास्थ्य | २०,०००। | ६ | १,२०,०००। | नेपाल सरकार |
| ९. | आमा समुहमा पोषिलो जाउलो तयारी तथा प्रदशन | कृषि तथा पशुपालन | २०,०००। | ६ | १,२०,०००। | नेपाल सरकार |
| १०. | महिनावारी स्वच्छता सम्वन्धी विधालय स्तरीय गोष्टी | खानेपानी तथा सरसफाई | २५,००० | २ | ५०,००० | नेपाल सरकार |
| ११. | स्थानीय रैथाने बालीका परिकारलाई दिवा खाजासँग जोड्ने सम्वन्धी वडा स्तरीय गोष्टी सञ्चालन | कृषि | २०,०००। | ६ | १,२०,००० | नेपाल सरकार |
| १२. | पोषण सहजकर्ताको क्षमता विकाश तालिम गोष्टी सञ्चालन खर्च | शासकीय प्रवन्ध | १०,००० | २ | २०००० | नेपाल सरकार |
| १३ | अनुदान दिने समुहमा व्यवसायिक तालिम सञ्चालन गरी पोषण अवस्था सुधारका लागी तालिम सञ्चालन | महिला तथा बालबालिका | २०००० | १ | २०००० | नेपाल सरकार |
| १४ | दुग्ध उत्पादन गरी विक्री वितरण गरिरहेका कृषकहरुलाई दुग्ध व्यवसाय सम्वन्धी तालिम | कृषि तथा पशुपालन | २५००० | २ | ५०,०००। | नेपाल सरकार |
| १५ | बालमैत्री पोषण अनुदान,सन्तुलित आहार र महत्व तथा प्रयोग सम्वन्धी नवजात शिशुका आमाहरुलाई तालिम | महिला तथा बालबालिका | २०,०००। | ६ | १,२०,०००। | नेपाल सरकार |
| १६ | सुनौला हजार दिनका आमाहरुलाई सुरक्षित पिउने पानी संकलन, भण्डारण तथा सरसफाई सम्वन्धी अभिमुखिकरण | खानेपानी तथा सरसफाइ | ३०,०००। | २ | ६०,०००। | नेपाल सरकार |
| १७ | सुनौलो हजार दिनका आमाहरुलाई पोषण बगैचा सम्बन्धी तालिम | कृषि तथा पशुपालन | २०,००० | १ | २०,०००। | नेपाल सरकार |
| | कुल जम्मा | | | | २०,००,०००। | |

CamScanner